August 20, 2026

यो आकाशवाणी हो। राष्ट्रीय समाचार

सुरुमा मुख्य समाचार

१. सर्वोच्च अदालतले दिल्लीमा, विद्यार्थी प्रदर्शनकारीमाथि भएको हिंसाको जाँच गर्न गर्यो समिति गठन

२. केन्द्रीय गृहमन्त्रीको अध्यक्षतामा **एकतीसौं दक्षिण क्षेत्रीय परिषद्को** बैठक **कोवलममा** भयो सुरु

३. **भारत-जापान रक्षामन्त्रीहरूको बैठक** आज नयाँ दिल्लीमा भयो सम्पन्न

४. **मिर्जा फखरुल इस्लाम आलमगीर** बंगलादेशको **तेइसौं राष्ट्रपतिको** रूपमा निर्वाचित, र

५. ब्याडमिन्टनमा **ट्रीसा जोली र गायत्री गोपीचन्द** क्वार्टरफाइनलमा प्रवेश

---------

Supreme Court

सर्वोच्च अदालतले हालै दिल्लीमा विद्यार्थी प्रदर्शनकारीहरू विरुद्ध पुलिस अधिकारी र सुरक्षाकर्मीहरूले अत्यधिक बल प्रयोग गरेको र पुलिस कर्मचारीहरूमाथि भएको हिंसाको आरोपहरूको जाँच गर्न सर्वोच्च अदालतका **पूर्व न्यायाधीश आर सुभाष रेड्डीको** अध्यक्षतामा **पाँच सदस्यीय** उच्चस्तरीय छानबिन समिति गठन गरेको छ। **प्रधानन्यायाधीश सूर्यकान्त** र **न्यायाधीश जोयमाल्या बागची** र **वी मोहनाले**, समितिमा पञ्जाब र हरियाणा उच्च

न्यायालयका पूर्व मुख्य न्यायाधीश रविशंकर झा, दिल्ली उच्च अदालतका पूर्व न्यायाधीश शालिंदर कौर, पूर्व सीबीआई निर्देशक ऋषि कुमार शुक्ला र मेघालयका सेवानिवृत्त डीजीपी एल.आर बिश्नोई पनि रहने बताउनुभएको छ। सर्वोच्च अदालतले, यस उच्चस्तरीय छानबिन समितिले केही मुद्दाहरूलाई प्राथमिकताका आधारमा सम्बोधन गर्न सिफारिस गरेको छ, जसमध्ये महिला प्रदर्शनकारी लक्षित हिंसा, उत्पीडन र दुर्व्यवहारको कथित घटनाहरू संलग्न छन्।

Jharkhand High Court

झारखण्ड उच्च अदालतले आज एघारौं देखि तेह्रौं जे.पी.एस.सी निजामती सेवा परीक्षा र खाद्य सुरक्षा अधिकारी भर्ती मार्फत गरिएका नियुक्तिहरू रद्द गर्ने राज्य सरकारको निर्णयलाई अर्को आदेश नआएसम्म रोक लगाएको छ। न्यायाधीश दीपक रोशनले परीक्षा र नियुक्तिहरू रद्द गर्ने सरकारको सूचनालाई चुनौती दिने तीन छुट्टाछुट्टै याचिकाहरूको सुनुवाइ गर्दै यो आदेश दिनुभएको हो। अदालतले उचित प्रक्रिया र प्राकृतिक न्यायको सिद्धान्त पालना नगरी, छनौट भएका उम्मेदवारहरूलाई हटाउन नपाइने, त्यसैले उनीहरुलाई पुनर्स्थापित गर्न निर्देशन दिएको छ।

## 31st South Zonal Council meeting

**केन्द्रीय गृहमन्त्री अमित शाहको** अध्यक्षतामा **एकतीसौं दक्षिण क्षेत्रीय परिषद्को** बैठक **ममल्लापुरम** नजिकै **कोवलम-मा** सुरु भएको छ। यस बैठकमा दक्षिणी राज्यका नेताहरू र वरिष्ठ अधिकारीहरूले अन्तरराज्यीय विवाद, सुरक्षा र विकास प्राथमिकताहरूबारे छलफल गर्नुभयो।

## India-Japan Defence Meet

**भारत-जापान रक्षामन्त्रीहरूको बैठक** आज नयाँ दिल्लीमा सम्पन्न भयो। **रक्षामन्त्री राजनाथ सिंह** र उहाँका जापानी समकक्षी **शिन्जिरो कोइजुमी-ले** बैठकको सह-अध्यक्षता गर्नुभयो। छलफल समुद्री सुरक्षालाई गहिरो बनाउने, 'मेक इन इन्डिया' रक्षा प्रविधि र रणनीतिक विश्वास विस्तार गर्ने कुरामा केन्द्रित थियो। दुवै मन्त्रीहरूले समुद्री सुरक्षा सहयोग सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो। श्री सिंहले समुद्री मार्गहरूले बढ्दो जोखिमको सामना गरिरहेको र जहाज संचालन, उडान र निर्बाध कानुनी व्यापारको स्वतन्त्रता सुनिश्चित गर्ने प्रयासहरू केवल आर्थिक आवश्यकता मात्र नभई, रणनीतिक अनिवार्यता भएको कुरामा प्रकाश पार्नुभयो। श्री कोइजुमीले **कुमामोटो प्रान्तमा** भूकम्पबाट प्रभावित सबैप्रति समवेदना व्यक्त गर्नुका साथै जापानको समुद्री आत्मरक्षा बलको जहाजमा, चिकित्सा आपतकालको समयमा भारतीय नौसेनाको सहयोगको पनि प्रशंसा गर्नुभयो।

## Shivraj- PM Awas Yojana

**केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले** आज पटनामा, प्रधानमन्त्री आवास योजना-ग्रामीण अन्तर्गत लाभार्थीहरूलाई निर्माण गरिएका **दुई लाख पैंतीस हजार** घरहरूको चाबी हस्तान्तरण गर्नुभयो। श्री चौहानले, **बापू सभाघरमा** आयोजित एक कार्यक्रममा, नयाँ छनौट गरिएका लाभार्थीहरूलाई स्वीकृति पत्र पनि वितरण गर्नुभयो। यस अवसरमा **मुख्यमन्त्री सम्राट चौधरी, उपमुख्यमन्त्री विजय कुमार चौधरी र बिजेन्द्र प्रसाद यादव, र ग्रामीण विकास मन्त्री श्रवण कुमार** पनि उपस्थित हुनुहुन्थ्यो।

## Delhi Master Plan 2047

सरकारले आज **दिल्ली Master Plan दुई हजार सैंतालीस** अनावरण गरेको छ। यस योजनाले दिल्लीलाई विश्वव्यापी रूपमा प्रतिस्पर्धी, वातावरणीय रूपमा लचिलो र समावेशी राजधानीमा रूपान्तरण गर्न दीर्घकालीन स्थानिय, आर्थिक र संस्थागत रूपरेखा प्रदान गर्दछ। विकसित भारत **दुई हजार सैंतालीस** को दृष्टिसँग मिल्दोजुल्दो दिल्ली **दुई हजार सैंतालीस** योजनाले राजधानीलाई लगभग **तीन करोड** जनताको लागि विश्वस्तरीय, समावेशी र आर्थिक रूपमा जीवन्त शहरमा रूपान्तरण गर्ने लक्ष्य राखेको छ।

## India-Singapore Ministerial Roundtable

**भारत-सिंगापुर मन्त्रीस्तरीय बैठकको चौथो चरण** आज सिंगापुरमा सम्पन्न भयो। बैठकमा **वित्तमन्त्री निर्मला सीतारमण, विदेशमन्त्री डा. एस. जयशंकर, वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयल र वाणिज्य, उद्योग, इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि राज्यमन्त्री जितिन प्रसादले** भाग लिनुभयो।

## India-Kabul medical aid

भारतले अफगानिस्तानका जनतासँगको आफ्नो लामो समयदेखिको स्वास्थ्य साझेदारीलाई पुन: पुष्टि गर्दै काबुलको सरकारी अस्पतालमा औषधि र चिकित्सा उपभोग्य वस्तुहरू पुर्‍याएको छ। विदेश मन्त्रालयले यस सहयोगले अफगानिस्तानका मैत्रीपूर्ण जनताको स्वास्थ्य सेवा आवश्यकताहरूलाई समर्थन गर्ने भारतको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने बताएको छ। चिकित्सा आपूर्तिहरू काबुलको सरकारी अस्पतालमा स्वास्थ्य सेवाहरू बढाउने उद्देश्यले गरिएको हो।

## India-UNSC

**भारतले संयुक्त राष्ट्र सुरक्षा परिषद्मा** तत्काल सुधारको लागि आह्वान गरेको छ। संयुक्त राष्ट्र सुरक्षा परिषद्का लागि **भारतका कार्यवाहक राजदूत योजना पटेलले** सुधारको आवश्यकता पहिलेभन्दा बढी स्पष्ट र दबाबपूर्ण भएको बताउनुभयो।

## Bangladesh- Prez

बंगलादेश राष्ट्रवादी पार्टीका **मिर्जा फखरुल इस्लाम आलमगीर** आज बंगलादेशको **तेइसौं** राष्ट्रपतिको रूपमा निर्वाचित हुनुभएको छ। **अठत्तर** वर्षीय नेताले **पूर्व सेना अधिकारी ओली अहमदलाई** पराजित गर्नुभएको छ। यो चुनाव, एक भन्दा बढी उम्मेदवारहरूले बंगलादेशी राष्ट्रपति चुनावमा प्रतिस्पर्धा गरेको पैंतीस वर्षमा पहिलो पटक हो।

## BWF

ब्याडमिन्टनमा, भारतक ा महिला युगल जोडी **ट्रीसा जोली र गायत्री गोपीचन्दले** नयाँ दिल्लीमा भइरहेको BWF विश्व च्याम्पियनसिपको **क्वार्टरफाइनलमा** प्रवेश गरेका छन्।

-------